नवीन साप्ताहिक
जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
व.नि.द.का.द.नं. ६/०६४/०६५
वर्ष ४० अंक २९ २०७८ साल फागुन १ गते आइतवार (13 Feb. 2022 Sunday) मूल्य रु. ७/-

स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पसलगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : आगोले जलेर घाइते ... पृष्ठ ३ मा : ओभ्रेलमा परेको पाठेघरको ... पृष्ठ ४ मा : एमसीसी नेपालका ... पृष्ठ ५ मा : "कला र सांस्कृतिक क्षेत्रलाई ...

# दोषिलाई कारवाहीको माग गर्दै प्रहरी चौकीमा धर्ना



**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित प्रहरी चौकी अगाडी शनिबार बिहानैदेखी स्थानियहरु धर्ना दिँदै प्रदर्शनमा उत्रिएका छन् ।

कुटपिटमा संलग्नलाई पक्राउ गरि कारवाहीको माग गर्दै उनीहरु धर्ना र प्रदर्शनमा उत्रिएका हुन् । स्थानियहरुले प्रहरी प्रशासनबिरुद्ध नाराबाजी गर्दै कोइलाडी बरसाइन प्रहरी चौकी अगाडी टायर बालेर प्रदर्शन गरेका छन् ।

शुक्रबार सो गाउँपालिका ४ का वडा सदस्य दिनेश सिंहको घरमा आयोजित भोजमा सहभागि हुन आएका केही युवाहरुले गाई चराउँदै गरेकी स्थानिय एक किशोरीलाई कुटपिट गरेको स्थानिय एवं जसपा मधेश प्रदेश समितिका सदस्य सुरजित सिंह गुडुले जानकारी दिए ।

उनका अनुसार मोटरसाइकलमा रहेका ती यूवाहरुले गाईलाई ठक्कर दिएपछि किशोरीले प्रतिबाद गर्दा कुटिएकी हुन् । कुटपिटबाट उनको ओठ फुटेको छ । उनले कुटपिटमा केही भारतीय यूवा समेत संलग्न रहेको बताइन् । सो घटना बारे जानकारी पाएपछि गाउँबाट किशोरीका आफन्तसहित पुगेकाहरुमाथी समेत ती यूवाहरुले आक्रमण गरेका थिए ।

यूवाहरुको आक्रमणबाट सोही वडाका धमेन्द्र मण्डल, अमित मण्डल र रिंकु मण्डल घाइते भएका छन् । टाउँको फुटेका तीनै जनाको राजविराजस्थित छिन्नमस्ता अस्तालमा उपचार भइरहेको छ ।

यता घटनामा संलग्न मध्येका ६ जनालाई प्रहरीले शुक्रवारै साँझ पक्राउ गरेपनि तीनजनालाई शनिबार बिहान छाडेपछि स्थानियवासी आक्रोसित भई आन्दोलनमा उत्रेका छन् ।

उनीहरुले कुटपिटमा संलग्नलाई छाडेको भन्दै पुनः पक्राउ गर्न, कोइलाडी बरसाइन प्रहरी चौकीका जिम्मेवार प्रहरी अधिकारीलाई अन्यत्र सरुवा तथा सांघातिक आक्रमण गर्नेहरुमाथी ज्यान मार्ने उद्योग शिर्षक अन्तरगत मुद्दा चलाउन माग गरेका छन् ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले उक्त घटना दुई पक्षबीच भएको झडपका कारण भएको बताउँदै कुटपिटमा संलग्न रहेका तीन जनालाई नियन्त्रणमा राखि थप अनुसन्धान भइरहेको बताए ।

# नेपाली कांग्रेसको १६ जिल्लाको अधिवेशन फागुन १३ मा हुने



**काठमाडौं**/नेपाली कांग्रेसको स्थगित रहेको १६ जिल्लाको अधिवेशन आगामी फागुन १३ गते हुने भएको छ ।

कोभिड १९ का कारण स्थगित भएको सो अधिवेशन कांग्रेस केन्द्रीय निर्वाचन समितिको बसेको बैठकले शुक्रबार मिति तोकेको हो ।

१४औं महाधिवेशन अन्तर्गत सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही रौतहट, बारा, पर्सा, सिन्धुली मकवानपुर, सिन्धुपाल्चोक, चितवन, नवलपुर, बाँके, कैलाली र अछामको अधिवेशन हुन बाँकी छ ।

ती १६ जिल्ला अन्तर्गत प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट निर्वाचित हुने महासमिति सदस्यको निर्वाचन हुन बाँकी भएमा सोही दिन सम्बन्धित क्षेत्रको महाधिवेशन प्रतिनिधिमध्येबाट महासमिति सदस्यको निर्वाचन समेत सम्पन्न गर्ने मिति तय गरिएको समिति सचिव केशव रिजालले जानकारी दिएका छन् ।

जिल्ला कार्यसमितिको निर्वाचन सम्पन्न भइसकेको तर कुनै वडा, पालिका, प्रदेश सभा क्षेत्र र महासमिति सदस्यको निर्वाचन हुन बाँकी रहेका पद र तहको निर्वाचन तोकिएको मापदण्डभित्र रही फागुन १० गतेभित्र सम्पन्न गर्न समेत समितिले सम्बन्धित जिल्ला कार्यसमितिलाई अधिकार प्रत्यायोजन गरेको छ ।

# वैशाख ३० मा स्थानीय तहको निर्वाचन

**काठमाडौं**/आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन एकै चरणमा हुने भएको छ ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले स्थानीय तहको निर्वाचन एकै चरणमा गर्ने निर्णय गरेको जानकारी दिएका हुन् ।

तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्न निर्वाचनसम्बन्धी कानूनमा खासै परिमार्जन गर्न नपर्ने आयोगले सरकारलाई परामर्श दिएको थियो ।

राजनीतिक दलबीच संविधान र कानूनका विषयमा स्थानीय तहको निर्वाचनका सन्दर्भमा फरक बुझाइ र विश्लेषण भएका कारण निर्वाचनको मिति घोषणालाई चासोका साथ हेरिँदैआएको थियो ।

**कोभिड संक्रमण भई घरमै बस्दा ध्यान दिनुपर्ने कुराहरु**

- पर्याप्त हावा ओहोरदोहोर गर्ने अलग्गै कोठाको प्रयोग गरौं ।
- अरु व्यक्तिसँग भेटघाट नगरौं, भेटघाट गर्नै परेमा कम्तिमा २ मिटरको दूरी राखौं र मास्कको अनिवार्य प्रयोग गरौं ।
- घरका अन्य सदस्यहरुले सम्भव भएसम्म अलग्गै शौचालय तथा बाथरुमको प्रयोग गरौं ।
- क्वारेन्टाईनमा बसेको व्यक्तिले प्रयोग गरेको मास्क तथा पन्जा जथाभावी नफालौं र सुरक्षित स्थानमा नष्ट गरौं ।
- अलग भाडाकुँडा प्रयोग गरौं ।
- समय समयमा साबुन पानीले कम्तिमा २० सेकेण्ड मिचिमिचि हात धुने अथवा सेनेटाईजर प्रयोग गरौं ।
- प्रयोग गरिएका सामग्रीहरु साबुन पानीले धोई सम्भव भएसम्म घाममा सुकाऔं ।
- खोक्दा वा हाच्छिउँ गर्दा मुख र नाक रुमाल वा कुहिनाले छोपौं ।
- ज्वरो, खोकी, स्वासप्रस्वासमा समस्या, घाँटी दुख्नेजस्ता समस्या देखा परेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# निर्माण कार्य समयमै सम्पन्न गराउन पहल होस्

सप्तरीमा अहिले निकै योजनाहरु चालु अवस्थामा रहेको छ । नयाँ सडक, नाला निर्माण, मर्मतलगायत स्थानिय, प्रदेश र संघीय योजनाहरु अहिले संचालनमा रहेको छ । यता सडकहरुको मर्मत सम्भार तथा नयाँ सडक निर्माण कार्य सूचारु रहेकोले ती सडकहरु धुलोमय बनेको हो । दुई वर्ष भन्दा बढी समयदेखी राजविराजसहित अन्य स्थानका सडकहरु निर्माणका क्रममा रहेका छन् । ठेकेदार कम्पनीले निर्माण कार्य सुरु गरेपनि समय सीमा भित्र कार्य सम्पन्न गर्न नसक्दा बाटोको हाल बेहाल भएको छ ।

नयाँ निर्माण कार्यको सुरुवात हुनु सकारात्मक पक्ष हो तर, सबैलाई भत्काएर समयमा कार्य सम्पन्न गराउनेतर्फ ध्यान दिनु आवश्यक छ । तर यस्तो अवस्थामा स्थानियहरुले निकै सास्ती व्यहोर्नु परिरहेको छ । निर्माणाधिन बाटोका कारण दुर्घटना बढ्नुका साथै धुलाकोका कारण स्वास्थ्यमा असर पुग्नु र आवतजावतमा समस्या हुने गरेको छ ।

तसर्थ निर्माण कार्यलाई समयमै पुरा गराउनेतर्फ सम्बन्धीत निकायको ध्यान पुग्नु उत्तिकै आवश्यक छ भने ठेकेदार कम्पनीलाई कार्य सम्पन्न गराउनेतर्फ निगरानीका साथै स्थानियले समेत दबाब दिनु आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गर्नुहोस् ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आगोले जलेर घाइते भएकी महिलाको मृत्यु

**राजविराज**/देवरले भाउजुलाई आगो लगाइदिएपछि जलेर गम्भिर भएकी उनको उपचारको क्रममा मृत्यु भएको छ । सोही आगोले जलेर अढाई वर्षिया छोरी समेत घाइते भएकी छिन् ।

सप्तरीको बोदेबरसाइन नगरपालिका १ धनगढीमा देवर परमेश्वर साहले २७ वर्षिया भाउजु राजकुमारीलाई पेट्रोल छर्केर आगो लगाइदिएपछि गत शनिबार राती उपचारको क्रममा उनको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले मृतकका पति रबिनलाई उद्धृत गर्दै घरायसी विवादमा देवर परमेश्वरले राजकुमारीलाई आगो लगाएको जनाएको छ । काँखे छोरीलाई लिएर खाना पकाउँदै गरेको बेला देवर परमेश्वरले आगो लगाइदिएको उनका पति रबिनले जनाएका छन् ।

आगोले छोरीको ढाड र खुट्टासमेत जलेको तथा घाइते भएकी छोरीको स्थानिय प्राथमिक स्वास्थ्य केन्द्रमै उपचार गरिएको उनले जानकारी दिए ।

पति रबिनका अनुसार आफू घर बाहिर गएको बेला भाउजुले आफू बिरुद्ध कुरा लगाएर दाईलाई उक्साएको भन्दै पत्नी राजकुमारीलाई माघ २१ गते बिहान घरमा खाना पकाउँदै गरेको बेला भाई परमेश्वरले पेट्रोल छर्केर आगो लगाइदिएको बताएका छन् ।

जलेर गम्भिर अवस्थामा पुगेकी राजकुमारीलाई सुरुमा कल्याणपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्र र विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि लगिएको थियो । पछि त्यहा उपचार सम्भव नभएपछि बिराटनगरस्थित म्याक्स अस्पतालमा लगिएपनि उनको मृत्यु मृत्यु भएको मृतक राजकुमारीकी पति रबिनले जानकारी दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले सो घटना बारे जाहेरी आएको बताउँदै परमेश्वर हाल फरार भएका कारण उनको खोजि कार्य तिब्र पारिएको जानकारी दिएका छन् ।

# कोशी नदीमा छाडियो माछाका भुरा

**राजविराज**/प्रकृतिक जलाशय मत्स्य प्रर्वद्धन एवं संरक्षण केन्द्र हेटौडा मकवानपुरले सप्तकोशी नदीमा ३० हजार माछाका भुरा छोडेको छ । कोशी नदीमा रहु र नैनी जातका ३० हजार माछाका भुरा छाडिएको हो ।

कोशी टप्पु वन्यजन्तु आरक्षाका वाडेन रामचन्द्र खतिवडाले कोशी नदीमा प्रदुषणले गर्दा माछाको कमी भएको कारण माछाका भुरा छाडिएको बताएका छन् ।

साना माछा मार्ने काम गरेमा माछाको बिर्द्धबिकास हुनमा समस्या हुनृ बताउदै कोशी नदीमा कोशी टप्पु वन्यजन्तुको अगुवाइमा यसअघि २० वटा घडियाल गोही समेत छाडिएको उनले बताए ।

जलिय जैबिक बिविधता संरक्षण तथा प्राकृतिक जलाशयमा आश्रीत समुदायको आय स्तर अभिबृद्धिका लागि स्थानिय जातको माछा नदीमा छाडिएको प्रकृतिक जलाशय मत्स्य प्रर्वद्धन एवं संरक्षण केन्द्र हेटौडाका कार्यालय प्रमुख सरोज



कुमार यादवले बताए ।

खोला नालामा फोहोर ढल मिसाउने, बिषादी हाल्ने, करेन्ट लगाउने, पासो थाप्ने लगाएतका कारणबाट जलचर मासिने क्रम बढेकाले यसको संरक्षण गरी नदीमा आश्रित समुदायको जिवनस्थर विकासका लागि आफुहरुले यो कार्यक्रम गरेको कार्यालय प्रमुख यादवको भनाई छ ।

प्रकृतिक जलाशय मत्स्य प्रर्वद्धन एवं संरक्षण केन्द्र हेटौडा कार्यालयले अघि नारायणी नदीमा ४० हजार भुरा छोडेको थियो भने मकवानपुरको सामारी नदीमा पनी ३४ हजार माछाका भुरा छाडेका थिए ।

कोशी नदीमा माछाको भुरा छाडने कार्यक्रममा हनुमानगर कंकालिनी नगरपालिकाका उपमेयर सरिता यादव, मत्स्य बिकास केन्द्र फत्तेपुरका प्रमुख भुपनारायण मण्डल, पत्रकार भुपदेव माली र राससका समाचारदाता अरुण कुमार यादव लगायत स्थानियबासी भरभलाआदमी लगायतका उपस्थित रहेको थियो ।

# आजदेखी विद्यालयहरु खुल्दै

**राजविराज**/आजदेखी जिल्लाका सबै विद्यालयहरु संचालनमा आउने भएको छ । विगत एक महिनादेखी कोरोना महामारीका कारण बन्द रहेका विद्यालयहरु महामारी न्युनिकरण हुन थालेपछि पुन: संचालनमा आउने भएको हो ।

तर, विद्यालयमा अध्ययनरत १२ वर्ष पूरा नभएका विद्यार्थीका लागि आलोपालो कक्षा संचालन गर्न जिल्ला प्रशासन कार्यालय सप्तरीले आदेश जारि गरेको छ । कोरोनाको जोखिमलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालय सप्तरीले शुक्रबार उक्त आदेश जारि गरेको हो ।

कोभिड १९ को नयाँ भेरियन्ट ओमिक्रोनसहितको संक्रमणको जोखिम कायमै रहेकाले १२ वर्ष पूरा नभएका विद्यार्थीको हकमा आलोपालो दिनमा कक्षा संचालन गर्ने प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमद्वारा जारि आदेशमा उल्लेख छ ।

जारि आदेशमा १२ वर्ष पूरा भएका विद्यार्थीको हकमा भने नियमित कक्षा संचालन गर्न पाउने उल्लेख गरिएको छ । विश्व विद्यालय, विद्यालय, ट्युशन सेन्टर, तालिम वा अन्य प्रकारको शैक्षिक क्रियाकलापहरु जनस्वास्थ्य र सुरक्षा मापदण्डको पूर्ण पालना गरि संचालन गर्न पाउने जारि आदेशमा भनिएको छ ।

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# ओझेलमा परेको पाठेघरको मुखको क्यान्सर



**सामाना ओली**

के तपाईंलाई थाहा छ ? इन्टरनेटमा एउटा यस्तो वेभसाईट छ जहाँ तपाईंले क्यान्सरले मृत्यु हुनेहरुको लाईभ संख्या हेर्न सक्नुहुन्छ । अचम्मको कुरा के भने त्यो वेबसाईटमा झन्डै हरेक सेकेन्डकै रफ्तारमा क्यान्सरले मर्नेहरुको संख्या बढीरहेको देख्न सकिन्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार २०20 मा क्यान्सरका कारण लगभग १ करोड व्यक्तिले ज्यान गुमाए । यो संख्या सुनेर अब अचम्म नलाग्न पनि सक्छ किनकी हामी सबैको घरपरिवारमा वा चिनजानमा रहेका धेरै जना यो रोगसँग लडिरहेकै छन्, कति त मरिरहेकै छन् ।

विश्व स्वास्थ्य संगठनको डाटासिट (२०२०) अनुसार नेपालमा देखिने क्यान्सरहरुमा सर्वाधिक देखिने फोक्सोको क्यान्सर, पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सर रहेका छन् । जसमध्ये मृत्युदरका हिसाबले पहिलो स्थानमा फोक्सोको क्यान्सर र दोस्रो स्थानमा पाठेघरको मुखको क्यान्सर छ । विश्वमै सातौं स्थानमा रहेको पाठेघरको मुखको क्यान्सर चाहिँ हाम्रो देशमा किन दोस्रो स्थानमा भन्ने प्रश्न मेरो मनमा उठिरह्यो । त्यसैले आजको लेख ओझेलमा परेको पाठेघरको मुखको क्यान्सरको लागि ।

पाठेघरको मुख अर्थात गर्भाशय ग्रीवाको ९० प्रतिशत क्यान्सर एउटा विषेश भाइरस 'ह्युमन प्यापिल्लोमा भाइरस' एचपीभीका कारण हुने गर्दछ । २०१८ मा यो क्यान्सर विश्वका करीब ५ लाख ७० हजार महिलामा देखिएको थियो । जसमध्ये ३ लाख १० हजारको मृत्यु हुन गयो । यस्तो उच्च मृत्युदर भएता पनि यो क्यान्सरको समयमै जाँच गर्नसके यसबाट बच्न भने सकिन्छ ।

**एचपीभीका बारेमा बुझ्नुपर्दा**

यो भाइरसबारे जर्मनका प्रो.डा. हाराल्ड जु हौजेनले १९७९ देखि आफ्नो टोलीसँग अध्ययन सुरु गरेका थिए । करीब तीन दशक लामो खोज-अनुसन्धान पश्चात उनले यो भाइरस र पाठेघरको मुखको क्यान्सर सम्बन्धित रहेको पुष्टि गरेपछि उनलाई २००८ मा विश्वप्रसिद्ध नोबेल पुरस्कारले सम्मानित गरिएको थियो । यो खोज नै अन्ततः आजको समयमा यो क्यान्सरबारे गरिने जाँच र रोकथामको आधार बन्यो ।

पाठेघरको मुखको क्यान्सर पछाडी लुकेको यो भाइरस विशेषगरी यौनसम्पर्कबाट सर्ने गर्दछ अनि यसले यति मात्र नभई मलद्वारको, गुप्ताङ्गको साथै घाँटीको क्यान्सर अनि गुप्ताङ्गमा मुसा आउने जस्ता समस्या समेत गराउन सक्छ । एचपीभी आँफैमा मानविय प्रजनन प्रणालिमा सामान्यतया देखा परिरहने भाइरस हो । धेरै सानो उमेरमै यौन सम्पर्क हुनु, धेरैजनासँग यौन सम्बन्ध राख्नु, आफ्नो पार्टनरको अरु धेरै जनासँग यौन सम्बन्ध हुनु, धुम्रपान, गरीब आर्थिक-स्थिति, समयमै उपचार अनि जाँचको अभाव इत्यादी जस्ता कुराले एचपीभी संक्रमणको जोखिमलाई बढाउँछ ।

**तर के सबै एचपीभी संक्रमण हुने मान्छेलाई क्यान्सर हुन्छ त ?**

हुँदैन ! किनकी यो भाइरसका १०० भन्दा पनि बढी प्रकारहरु छन् । जसमध्ये एचपीभी टाईप-१६ र १८ मात्रका कारण ७०% भन्दा बढी क्यान्सर हुने गर्दछ । यी दुई बाहेक एचपीभी टाईप- ६, ११, ३१, ३३, ३५, ३९, ४५, ५१, ५८ ले एचपीभी सम्बन्धित मुसा र क्यान्सर गराउन सक्छन् । बुझ्नुपर्ने कुरा के भने एचपीभी संक्रमण हुँदैमा क्यान्सर भईहाल्ने हैन । यो संक्रमणलाई क्यान्सरमा बदलिन धेरै लामो समय लाग्ने हुँदा समयमै परीक्षणको सहायताले हामीले यो क्यान्सरलाई रोक्न सक्छौं ।

**एचपीभी संक्रमण र विकासोन्मुख मुलुकहरु**

हरेक साल संसारभर देखिने पाठेघरको मुखको क्यान्सरका ८० प्रतिशतभन्दा बढी बिरामीहरु विकासोन्मुख देशबाट रहने गर्दछन् । दक्षिण अमेरिका, अफ्रीका र दक्षिण-पुर्वी एसिया क्षेत्रमा व्याप्त यो क्यान्सर पछाडी दुई प्रमुख कारण छन्: जनमानसमा जनचेतनाको अभाव र समयमै परीक्षणको अभाव !

यो क्यान्सरविरुद्ध यति धेरै खोज र आविष्कारहरु भए तापनि जनमानसलाई यो कुरा थाहा नहुनु र उनिहरुले यसबाट लाभ लिन नसक्नु धेरै दुःखको कुरा हो ।

**प्याप परीक्षण अनि एचपीभी खोप**

पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन गरिने 'प्याप परीक्षण' वा बोलिचालिको भाषामा भन्दा 'मुखको पानी जाँच' गर्न सकिन्छ । यसमा पाठेघरको मुखमा रहेका कोशिकाहरु लिई सुक्ष्म जाँच गरिन्छ । जसको माध्यमबाट एचपीभी संक्रमणको कारण उक्त कोशिकाहरुमा असामान्य परिवर्तन भएर देखिन्छ । यसपश्चात डाक्टरको परामर्श अनुसार बायोप्सी र अन्य जाँचहरु गरी उपचारलाई अगाडी बढाई सो संक्रमणले निम्त्याउन सक्ने क्यान्सरलाई अगावै रोक्न सकिन्छ । जोन होप्किन्स मेडिसिनका अनुसार यो परीक्षण २१ वर्षको उमेर देखि सुरु गर्न सकिनेछ । जसपश्चात सो परीक्षण हरेक ३-३ वर्षमा दोहोर्याउनु पर्नेछ । यो परीक्षणलाई ६५ वर्षसम्म गरिरहन सकिने छ । बिचमा पाठेघर फाल्नुपरेको अथवा बिगत १० वर्षमा गरिएका दुई वा बढी प्याप परीक्षणको नतिजा सामान्य आएमा सो परीक्षण फेरि गर्नुपर्ने छैन ।

यति मात्र नभई अहिले बजारमा एचपीभीविरुद्धको खोप समेत उपलब्ध छ । यो खोपले क्यान्सर गराउने एचपीभी विषेशगरी टाईप १६ र १८ का साथै खोप अनुसार टाईप ६, ११, १६, १८ विरुद्ध संरक्षण प्रदान गर्छ । ९ वर्षको उमेर देखि लगाउन मिल्ने यो खोप १५ वर्ष अगाडी नै लगाएमा २ डोज लगाउनु पर्नेछ भने त्यसपछि लगाएमा ३ डोज लगाउनुपर्नेछ । यो खोपको फाइदा प्राप्त गर्न यसलाई ढिलामा २६ वर्ष अगाडी लगाइसक्नुपर्ने विज्ञहरुको भनाई छ । तर खोप लगाए पनि क्यान्सरबाट पूर्णरुपमा सुरक्षित रहन प्याप परीक्षण गरिरहनु नै पर्नेछ ।


धेरै विदेशी मुलुकले नियमित परीक्षण अनि खोपको सहायताले सो क्यान्सरलाई निकै कम गरिसके। यसरी रोकथामका अनेक उपाय भएको क्यान्सर हाम्रो देशमा ब्याप्त हुनुले यो रोग कतै ओझेलमा परेको त हैन भन्ने लाग्छ । क्यान्सर एउटा व्यक्तिलाई लाग्ने रोग भए पनि यसको असर एउटा सिङ्गो घर अनि यसको भार एउटा राज्यको स्वास्थ्य संरचनामा लामो समयसम्म पर्ने हुनाले सो रोगको रोकथाम बारे सोच्नु अहिलेको आवश्यकता हो । गाउँ-गाउँमा स्वास्थ्य सुबिधासम्म पहुँच नभएका त्यस्त कति महिला होलान् जो यो क्यान्सरकासँग बाँचिरहेका होलान अनि कति यस्ता बिपन्न महिला होलान जो क्यान्सरजस्तो बिकराल रोगसँग लड्न नसकेर मृत्यु कुरिरहेका होलान ।

त्यसैले प्याप परीक्षणलाई द्रुतगामी तरिकाले गाउँ-गाउँसम्म पुऱ्याउने, क्यान्सर सम्बन्धी खोज, अनुसन्धान अनि तथ्यांक सम्प्रेषणलाई अगाडि बढाउने साथै खोपका लागि पनि विदेसी संस्थासँग सहकार्य गरी पहल गर्नेजस्ता काम सरकार अनि सरोकारवालाले गर्नुपर्छ । योसँगै हामी आम-मानिसले नियमित स्वास्थ्य परीक्षण गराउने, स्वास्थ्यकर्मीसँग परामर्श लिने र आफ्नो स्वास्थ्यसमस्या अरु सामु नहिच्किचाई राख्न अघि बढ्नुपर्छ । (लेखक नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानमा एमबिबिएस पाँचौ वर्षमा अध्ययनरत छिन् ।) स्वास्थ्य खबरबाट

# काँक्रोका १५ रोचक तथ्य र स्वास्थ्यमा फाइदा



- काँक्रोमा पानीको मात्रा ९६ प्रतिशत हुन्छ, मानिसमो शरीरमा पानी आपूर्ति गर्न काँक्रो सबैभन्दा महत्वपूर्ण हुन्छ ।
- सूर्यको किरणद्वारा उत्पन्न हुने समस्याका लागि काँक्रो लाभदायी हुन्छ । यसको बोक्रामा नै म्याग्नेसियम, पोटासियम र सिलिकनजस्ता तत्व हुन्छन् । यहीकारण यसलाई स्पा उपचारका लागि प्रयोग गरिन्छ ।
- यसले शरीरमा भएको हानिकारक तत्वलाई प्रभावकारी रुपमा बाहिर निकाल्छ । मिर्गौलाको पत्थरीमा यो निकै लाभकारी मानिन्छ ।
- काँक्रो एन्टिअक्सिडेन्टले भरिपूर्ण हुन्छ । यसमा पाइने भिटामिन ए, बि र सिले रोगप्रतिरोधी क्षमतामा वृद्धि गर्छ र अल्छी लागेको बेला काँक्रो खाने हो भने त्यसले धेरै उर्जा दिन्छ ।
- पोषण र पानी पाइने भएकाले काँक्रोले तौल घटाउँन पनि मद्दत गर्छ ।
- यसको टुक्राले आँखाको रातोपना र सुन्निएको घटाउँन सहयोग गर्छ ।
- धेरै अध्ययनहरुले के पुष्टि गरेका छन् काँक्रोमा पाइने तत्वहरुले क्यान्सरसंग लड्न मद्दत गर्छन् ।
- रक्तचापलाई स्थिर राख्न पनि यसले मद्दत गर्छ ।
- मुख र गिजालाई ताजा राख्न र गिजाका समस्या समाधान गर्न पनि यसले सहयोग गर्छ ।
- यसमा पाइने फाइबर र पानीले खाना पचाउँन सहयोग गर्छ ।
- काँक्रोमा पाइने सिलिका कपाल, नङ र छालाका लागि महत्वपूर्ण मानिन्छन्, त्यसैले काँक्रो सौन्दर्यता बढाउँने खाद्यपदार्थ हो ।
- यसमा पाइने उच्च एन्टिअक्सिडेन्टले जोर्नी दुखाईलाई पनि मद्दत गर्छ ।
- यसले युरिक एसिडको लेभललाई पनि घटाउँछ ।
- यसले इन्सुलिन उत्पादनका लागि प्याङक्रियाजलाई सहयोग गर्छ, त्यसैले काँक्रो मधुमेहका रोगीका लागि उपयोगी हुन्छ ।
- यसले खराब कोलेस्टेरोल पनि घटाउन मद्दत गर्छ ।




डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी

# एमसीसी नेपालका लागि आवश्यक



शिवजी श्रेष्ठ

MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

अहिले मौसम जति चिसिएको छ त्यति नै नेपालको राजनीतिक तातिएको छ। चिसो मौसममा राजनीति तातिनुको कारण हो- अमेरिकी सहयोग परियोजना एमसीसी। एमसीसी प्रकरणमा सत्ता पक्ष र प्रतिपक्ष सबै तानिएका छन्। कोही पनि यसबाट विकर्षित छैनन्।

मुख्य कुरा के हो भने अहिले प्रमुख प्रतिपक्षमा रहेका दलले नै अहिले सत्ता पक्षमा रहेका केही घटकसहित एउटै विशाल पार्टी हुँदा एमसीसी पास गर्न चाहन्थे। त्यतिबेलाका सभामुख यसका बाधकझैँ देखिएका थिए। उनले संसद्मा टेबुल गर्ने वातावरण बनाएनन् भनिन्थ्यो। तर सभामुख फेरिएको पनि तत्कालीन प्रधानमन्त्री र सभामुखको सहकार्य हुन नसक्दा एमसीसीले पास हुने बाटो पाएन। त्यसबेलाका सत्तारुढ दल टुक्रा टुक्रा भए। माहोल नै परिवर्तन भयो। सत्ताका मुख्य घटक प्रतिपक्षमा पुगे, उनै दलका टुक्रिएका पार्टीसहित प्रतिपक्षको नेतृत्वमा सरकार बन्यो।

एमसीसीबारे फेरि उही सन्दर्भ ताजगी भएर आयो- कसैलाई हुबहु पास गर्नुछ, कसैलाई परिमार्जनसहित पास गर्नुछ भने प्रतिपक्षलाई तर ससर्त पास गर्नुपर्ने भएर आयो। यस प्रकरणको उल्लेखनीय पक्ष के छ भने एक दशक अगाडिदेखिका सबैजसो सरकार यस मामिलामा कुनै न कुनै रूपमा जोडिएका छन्।

नेपालको राजनीतिक परिदृश्यमा कुनै न कुनै वैदेशिक प्रभावको बाछिटामा आफूलाई राष्ट्रवादी र अरूलाई राष्ट्रघाती देखाउने होड नै चल्ने गरेको छ। कुनै समय नेपाली राजनीतिज्ञले 'विस्तारवाद, साम्राज्यवाद, विदेशी दलाल, भारतीय दलाल' जस्ता शब्द धेरै प्रयोग गर्थे। राष्ट्रवादी हुनका लागि भारतको विरोध गर्नैपर्ने मानसिकता थियो। अनि खरो कम्युनिस्ट देखिन अमेरिका, भारतको विरोध गर्नुपर्थ्यो। त्यसैले भारतसँग हुने कुनै पनि सन्धिमा राष्ट्रघात देख्नै पर्थ्यो। नदीसँग सम्बन्धित सन्धि वा सम्झौता भयो भने त झन् त्यो नदी बेचेको आरोप सहजै आउने गर्दथ्यो। त्यसैले कुनै पनि सरकार छिमेकीसँग त्यस्ता सन्धि वा सम्झौता गर्न हच्किन्थ्यो।

कुनै प्रधानमन्त्री भारत भ्रमणमा गएर फिर्ता आउँदा सन्धि वा सम्झौता नगरी फर्किये भने ठूलो सफलता मानिन्थ्यो। त्यसै अनुसार जनताका दृष्टिकोण पनि बन्दै गए। एमसीसीप्रतिको अहिलेको जनधारणा पनि त्यसैको आधारमा खडा हुँदै गएको देखिन्छ। त्यसभित्र के छ भनेर खोजी गर्नेभन्दा कुन देशसँग सरोकार राख्छ भन्ने पूर्वाग्रही धारणा बन्न पुगे।

हरेक कुरा राजनीतिबाट निर्देशित भएका छन्। स्वदेशी स्वार्थबाट भन्दा विदेशी स्वार्थबाट परिचालित हुन थालेको देखिन्छ। एमसीसी नेपालका लागि कति लाभदायक छ भन्दा छिमेकीले के भन्छन्, पश्चिमाले के भन्छन् भन्ने मानसिकताबाट प्रभावित छ। यसको समर्थन वा विरोध पनि भित्री तत्त्वभन्दा पनि बाहिरी तत्त्वले खेलिरहेको छ।

नेपालको इतिहास हेर्दा विगतदेखि नै सहयोग वा व्यापारिक सन्धि सम्झौता हुनेगरेका भेटिन्छन्। त्यो समयमा पनि सहयोग लिने-दिने कार्य यस्तै कुराबाट प्रभावित भएको देखिन्छ। तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा बेलायत हुँदै फ्रान्सको भ्रमण सकेर फर्किँदा त्यहाँका सरकारबाट सहयोग र सहकार्यको प्रस्ताव आउँदा स्वीकार्न मानेनन्। त्यसको कारण सहजै अनुमान गर्न सकिन्छ।

आजभन्दा १७२ वर्षअगाडि नै नेपाल-युरोप वैदेशिक एवं व्यापारिक सम्बन्ध विस्तारको अवसर गुमेको थियो। तैपनि संसार हल्लाउने जर्मनका राष्ट्र प्रमुख हिटलरले राजा त्रिभुवनलाई मर्सिडिज बेन्ज कार पठाएका थिए। सायद उनी ब्रिटिसले चलाएका गोर्खाली सेनाको बहादुरीमा लोभिएका थिए।

विसं. २००३ मा श्री ३ पद्म शमशेरको पालामा अमेरिकी प्रतिनिधि मण्डलले काठमाडौँ आएर नेपालसँग मैत्री सम्बन्ध राख्न अमेरिकी सरकारको अनुरोध पत्र बुझाएको थियो। सोहीअनुसार दुई सरकारबीच सम्झौता भएको थियो। त्यसले दिल्लीस्थित अमेरिकी राजदूत नेपालका लागि पनि हुने र लन्डनस्थित नेपाली राजदूत अमेरिकाका लागि पनि हुने निर्णय भएको थियो। सम्बन्धको विकास यसरी औपचारिक रूपमा हुनुअघि नै नेपालको सम्बन्ध अन्य राष्ट्रहरूसँग पनि विस्तार भइसकेको देखिन्छ।

विसं.१९९० सालको भूकम्पमा ब्रिटिस भारत, बेलायत र जापान सरकारको तर्फबाट भूकम्प पीडितहरूका लागि चन्दा सहयोग उपलब्ध गराउन चाहँदा जुद्ध शमशेरले विदेशी संस्था र व्यक्तिगत चन्दा स्विकार्छौं तर विदेशी सरकारको चन्दा स्वीकार गर्दैनौं भनेर फुर्ति देखाए। उनले चन्दा अस्विकार गरे पनि आजभन्दा करिब एक शताब्दीअगाडि नै नेपालको वैदेशिक सम्बन्ध कहाँ पुगिसकेको थियो भन्ने देख्न सकिन्छ।

यसैगरी ८२ वर्षपछाडि २०७२ सालमा दोस्रो महाभूकम्पमा बेलायती सरकारले भूकम्पपीडितको उद्धारका लागि पठाएको ब्रिटिस हेलिकप्टरलाई नेपाल प्रवेश गर्ने अनुमति दिइएन। त्यसको असर नेपाल-बेलायत सम्बन्धमा अहिले पनि परिरहेको देखिन्छ। यसरी समयानुकूल वैदेशिक सहयोग र व्यापारिक सम्बन्ध विकास गर्न नसक्दा नेपालले त्यसको फाइदा लिन नसकेको देखिन्छ।

अहिले अमेरिकाको एमसीसी झैं चीनले बीआरआई कोअपरेसनका कारण दक्षिण छिमेकी भारतसँगको सम्बन्ध तगारो बनेको देखिन्छ। त्यसैगरी एमसीसी पनि उत्तरी छिमेकी चीनको कूटनीति तगारो बनेर उभिएको देखिएको छ। यी दुवै अवसरले नेपाललाई कस्तो असर पर्छ भनेर मूल्याङ्कन गर्नेभन्दा पनि छिमेकी देशलाई कस्तो असर पर्छ भनेर हाम्रा नेताको मानसपटल खल्बलिएको छ।

आफ्नो देशको विकास र उन्नति सोचेर 'डिल' गर्ने नेताहरू पनि नभएका हैनन्। तर त्यतिखेर तिनै छिमेकीले झस्काइदिएका दृष्टान्तहरू पनि छन्।

नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाले चीन भ्रमणका बेला चिनिया प्रधानमन्त्री चाउ एनसँगको वार्ताको प्रसङ्ग आफ्नो आत्म वृत्तान्तमा उल्लेख गरेका छन्- "मैले चाउ एनलाईलाई भने मैले देश बनाउन खोजिरहेको छु, मलाई तिमीहरूको आर्थिक सहायता बेसी चाहिन्छ, भारतले १८ करोड सहायता गरेको छ, तिमीहरू पनि भारत बराबर त्यति नै गर न।" तब चाउ ऐनलाईले भने- "हैन हैन हामीले धेरै सहायता दियौं भने भारत सतर्क हुनेछ र हामीलाई राम्रो हुँदैन। प्रतिस्पर्धा गर्न खोज्यो भनेर अन्तर्राष्ट्रिय पनि पर्न जानसक्छ, हामी त तिमीहरूसँग मित्रता गर्न खोज्दैछौँ, त्यसो हुनाले हामी भारतभन्दा कम सहयोग दिन्छौं। यसमा नराम्रो नमान्नु, हामी दिन त जति पनि दिन सक्छौं तर यो तिमीहरूको हितमा पनि हुँदैन र हाम्रो (चीनको) हितमा पनि हुँदैन।"

अनि बीपीलाई के सल्लाह पनि दिएछन् भने "भारतसँग तिमीहरूको सहायताहरू बेसी हुनसक्छ, हामीले त सहायता गरौं भने पनि लामो बाटोबाट जानुपर्ने हुनाले खर्च पनि बेसी हुन्छ, भारतसँग प्रतिष्पर्धामा आउन पनि हुँदैन तिमीहरूलाई सहयोग गर्नलाई।" कस्तो व्यावहारिक अनि समझदार कूटनीति!

एक प्रसङ्गमा बीपीले चाउ एनलाई नेपाल भ्रमणमा आएको बेला पोखरामा फेवातालको बाँध बन्दै थियो। त्यो हेरेर सुझाव दिएका रहेछन्- "यस्ता वैदेशिक सहयोगबाट ठूला योजना बनाउन त सकिन्छ तर आफ्नै स्थानीय प्रविधि, माटो, ढुङ्गा प्रयोग गरे दिगो होला, नत्र सिमेन्ट र कृत्रिम सामग्री प्रयोग गर्दा बिस्तारै माटोले ती चिजको साथ छाडिदिन्छ र कुनै दिन दुर्घटना हुन सक्छ।" बीपीले भनेका छन्- पछि भयो पनि त्यस्तै अर्थात् फेवातालको बाँध फुट्यो। ठूला ठूला वैदेशिक सहयोगलाई स्थानीयकरण गरेर सदुपयोग गर्न सक्नुपर्ने कुरा माओत्से तुङले पनि बीपीलाई चीन भ्रमणको क्रममा सुझाएका रहेछन्।

बीपी चीन भ्रमणमा गएका बेला माओत्सेतुङबारे एउटा हल्ला चलेको थियो- माओ असाध्यै कमजोर र बिरामी छन्। त्यसैले उनी सार्वजनिक हुन चाहँदैनन्। तर एक रात ११ बजेतिर बीपी बसेको होटलमा ढोकामा कसैले ढकढक गर्छ, त्यतिखेर बीपी सुत्न लागिसकेको हुन्छन्। ढोका खोल्दा खबर आउँछ, तल होटलको लबीमा माओ बीपीलाई भेट्न कुरेर बसिरहेका छन्। अनि बीपी तल पुग्दा सामान्य पोसाकमा माओ उभिइरहेका हुन्छन्।

डेढ घन्टा बीपी र माओबीच तीनवटा विषयमा कुरा हुन्छ- माउन्ट एभरेस्टको स्वामित्वको बारेमा, सानो र ठूलो राष्ट्रको सम्बन्धको बारेमा अनि आफूसँग पुँजी कम भएपछि प्रविधि पनि हाम्रो आफ्नै किसिमको हुनुपर्छ भन्ने बारेमा। अनि माओले बीपीलाई भन्नुभएको रहेछ- हामी (चीन)हरू त गरिब देश भएकाले र हामीसँग पुँजी कम्ती भएको हुनाले श्रमप्रधान योजना कार्यान्वयन गर्दछौं।

हाम्रा ती बाँधहरू र अरू कुराको निर्माणहरू हेरेका होलाउ नि? यसरी आफ्नो हैसियत बुझेर भएका र पाएका साधन र स्रोतलाई सदुपयोग गर्दै माओ आफैंले गरिब भनेको चीन अहिले विश्वको दोस्रो ठूलो आर्थिक शक्ति हुन पुगिसकेको छ। तर हाम्रो देश चाहिँ अझै पनि प्राप्त सहयोग र आर्थिक अवसरमा राजनीतिक खेलखालमा नै अल्मलिएर उही जुद्ध शमशेरकालीन फोस्रे धाकमा नै रुमलिइरहेको छ।

हाम्रा नेताहरूले कहिल्यै प्राप्त सहयोग योजनाको बारेमा एकआपसमा सँगै बसेर छलफल गरेका छन्? देशले उन्नतिको बाटो खोल्न सक्छ भनेर कहिल्यै मथिङ्गल घुमाउने गरेका छन्? पक्कै छैनन्। सरकार पक्ष एमसीसी यथासक्य चाँडै पास गर्नुपर्ने भन्छ, सत्ता पक्षभित्रकै केही नेता उत्तरी छिमेकीले के भन्ला भनेर पछाडि धकेल्ने भन्छ, सभामुख संसद्मा छलफल नै नगराउने पक्षमा छन् अनि प्रतिपक्ष चाहिँ आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न सभामुखलाई महाभियोग लगाउने हो भने एमसीसी पास गराउन सहयोग गर्ने भन्छ।

तर, एमसीसीभित्र देशलाई फाइदा हुने केके छ, हानि हुने केके छ भनेर अध्ययन गर्ने कोही छैन। न त कसैले यसलाई रोक्नुपर्ने कारण देखाउन सक्छन् न त अहिले नै पास गरिहाल्नुपर्ने कारण देखाउन सक्छन्। बरु सबै आआफ्नै डम्फू बजाउने सुरमा छन्। एमसीसीको बारेमा अध्ययन गर्न समिति उही सत्ता घटकभित्रकै राजनीतिक नेताहरू राखेर बनाउँछन्। जो पहिले नै आफ्नो धारणा तयार गरेका छन्।

यस्ता सहयोगबारे अध्ययन गर्न प्राविधिक, प्रशासनिक, व्यावसायिक विशेषज्ञता र अनुभव हासिल गरेकासहितको अध्ययन टोली हुनुपर्छ। उसले दिएको सल्लाह र सुझावका आधारमा राजनीतिक निर्णय लिइनुपर्छ।

हाम्रा नेता बेलाबखत नेपाललाई सिङ्गापुर बनाउने सपना देख्छन्, देखाउँछन् तर सिङ्गापुर कसरी बन्यो, पढ्दैनन् वा बुझ्न चाहँदैनन्। ली क्वान यु बन्न खोज्छन् तर के गर्थे भनेर जान्न चाहँदैनन्। उनले बेलायती प्रधानमन्त्रीका आर्थिक व्यवस्थापकले आर्थिक चलखेल गरेर सिङ्गापुरको आर्थिक क्षेत्र तहसनहस पार्न खोज्दा बेलायतकै अदालत र अन्तर्राष्ट्रिय अदालत पुगेर पनि सिङ्गापुरको अर्थतन्त्रलाई चोख्याएका छन्। तर हाम्रा नेताहरूले यस्तै आर्थिक चलखेल गरेर देशको अर्थतन्त्र तहसनहस पार्न खोज्ने हरितन्नमहरूलाई आफ्नो वरिपरि राखेर देशको अर्थतन्त्रलाई बिटुल्याएका त छैनन्? आफैंलाई हेर्नुपर्ने देखिन्छ।

नेपालका सत्तामा हुने र प्रतिपक्षमा हुनेहरूले सोच्नुपर्ने बेला आएको छ- कुनै न कुनै रूपमा नेपाल आउन लागेको पैसा रोक्न खोजिएका त हैन? यसको खोजी गर्नु जरुरी छ। अनि खोज्न जरुरी छ, डा अल्बर्टले ली क्वान युलाईले भने झैं 'पैसालाई सुत्न दिइएको त छैन' भनेर। यसको लागि डा. अल्बर्टहरूजस्तै सल्लाहकारको खोजी गर्नु जरुरी छ। तर हाम्रा नेताहरू आफ्ना सहयोगी हैन, 'यस म्यान'को खोजी गर्छन्।

यी दृष्टान्तहरूले देशलाई आधुनिक विश्व दौडमा अगाडि बढाउन आर्थिक रूपमा चलखेल बढाउन सान्दर्भिक छ भन्छन्। तसर्थ तेस्रो विश्वको पनि पुछारमा रहेका हाम्रो जस्तो देशलाई पहिलो विश्वको सिङ्गापुरको बाटोमा हिँडाउन यस्ता थुप्रै एमसीसीहरू आउन दिनुपर्छ। यसमार्फत आउने पैसाको चलखेल हुन दिनुपर्छ। तर, यस्तै एमसीसीसँगै आउन खोज्ने जिम स्लाटरहरूलाई चाहिँ छानी छानी रोक्न सक्नुपर्छ। अनि भित्र पसेर देशको अर्थतन्त्र बिटुल्याउन खोज्ने यस्ता जिम स्लाटरहरूलाई ठाउँठाउँका अदालतमा उभ्याएर सेक्न सक्नुपर्छ, चाहे ती टाढाका हुन् वा नजिकका।

तर, धेरै एमसीसीहरूलाई नेपालमा आउने वातावरण चाहिँ तयार गर्नुपर्छ। त्यसका लागि नेताहरूले धैरै-धैरै सपना देख्न सक्नुपर्छ। ती सपना पूरा गर्न अझै धेरै एमसीसीहरू आउन दिनुपर्छ। (बेलायत निवासी श्रेष्ठ पूर्व डीएसपी हुन्) रातोपाटीबाट

## भारोत्तोलनका दुई खेलाडी सम्मानित

**राजविराज**/ भारोत्तोलन राष्ट्रिय प्रतियोगितामा गोल्ड मेडल ल्याएका दुई खेलाडीलाई सम्मान गरिएको छ।

राजबिराज नगरपालिका वडा नं. ११ का अध्यक्ष संजय कुमार यादवले ९० केजी तौल (सिनियर) र ५५ केजी समूहमा नेपाल प्रथम गरी गोल्ड मेडल प्राप्त गरेका क्रमशः संजय कुमार यादव तथा दिलिप यादवलाई सम्मान पत्र र ड्रेसबाट सम्मान गरेका हुन्।

सोही कार्यक्रममा भारोत्तोलन संघका सहायक प्रशिक्षक पुन्तीलाल यादवलाई समेत सम्मान पत्रसहित ड्रेसबाट सम्मान गरिएको छ।

त्यस्तै आयोजित कार्यक्रममा वडाका सबै जेष्ठ नागरिकहरूलाई कम्बल बितरण पनि गरेको छ। राजबिराज नगरपालिका नगरप्रमुख शम्भु प्रसाद यादव, वडा अध्यक्ष संजय यादवले स्थानिय जेष्ठ नागरिकहरूलाई कम्बल बितरण गरेको छन्।

वडाका जेष्ठ, एकल महिला, पूर्णअपांग, असहाय, गरिब, बिपन्नसहित सामाजिक सुरक्षा भत्ता पाउने दलित, मुस्लिम लगायतलाई एक/एक थान कम्बल बितरण गरिएको हो।

यसैगरी अध्यक्ष यादवले नेपाल सरकारद्वारा एमबिएस अध्ययन गर्न फुलस्कलरसीपमा नाम निकाल्न सफल स्थानिय राहुल यादवलाई पनि सम्मान गरिएको जनाइएको छ।

# नेपाल औषधी बिक्री तथा प्रतिनिधित्व संघको समिति गठन



**राजबिराज**/सप्तरीमा औषधी प्रतिनिधिहरूको हकहितका लागि नेपाल औषधी बिक्री तथा प्रतिनिधित्व संघको जिल्ला तदर्थ समिति गठन भएको छ ।

शनिवार राजबिराजमा सम्पन्न एक भेलाले प्रदिप झाको अध्यक्षतामा ११ सदस्यीय तदर्थ ईकाई समिति गठन भएको हो । गठित समितिको उपाध्यक्षद्वयमा संतोष कुमार देव, रन्जन कुमार यादब, सचिवमा चतुरानन्द चौधरी, सहसचिवमा तेजन साह, कोषाध्यक्षमा सुमन कुमार ठाकुर र सह कोषाध्यक्षमा मनोज कुमार सिँहलाई चयन गरिएको छ ।

यसैगरी सदस्यहरूमा राजिव झा, राजेन्द्र साह, श्याम कुमार साह, सन्तोष कुमार यादबलाई चयन गरिएको केन्द्रीय सचिव उमेश रेग्मीले जानकारी दिए ।

गठित समितिले जिल्लामा एमआर मेडिकल ब्यवसाय प्रतिनिधिहरूको बिस्तार गर्नुका साथै एकजुट बनाई संगठित बनाउने बैठकले निर्णय गरेको नव गठित तदर्थ समितिका अध्यक्ष प्रदिप झाले बताए । सो तदर्थ समितिले केही दिनमै जिल्ला अधिवेशन गरेर जिल्ला समिति गठन गर्ने उनले जनाए ।

सो अवसरमा नेपाल औषधी बिक्रि तथा प्रतिनिधित्व संघका केन्द्रीय सचिव उमेश रेग्मीले एमआरहरूको हकहित र एकरूपता र क्रियाकलापलाई सक्रिया रूपमा अगाडि बढाउन तदर्थ समिति गठन गरि चाडै केन्द्रवाट मान्यता प्राप्त गरेपछि जिल्ला समितिको बिस्तार गर्ने जानकारी समेत दिए ।

यसैगरी भेलामा प्रतिनिधित्व संघका केन्द्रीय सदस्य राजेश अधिकारी, बिराटनगर ईकाईका सदस्य अरबिन्द कुमार चौधरी, तेज नारायण साह, संचारकर्मी चन्दनकुमार यादबको उपस्थिति रहेको थियो ।

# डिनको छैठो जिल्ला अधिवेशन सम्पन्न




**राजबिराज**/सस्तो सुलभ बैज्ञानिक प्रविधिको बिकास गरौ, नारा सँग डिप्लोमा ईन्जिनियर्स एशोसिएसन नेपाल (डिन) ले शनिबार छैठो जिल्ला अधिवेशन सम्पन्न गरेको छ ।

राजबिराजस्थित जल स्रोत तथा सिचाई बिकास डिभिजनको प्रागणमा आयोजित कार्यक्रममा प्रमुख अतिथि कामेश्वर प्रसाद सिंहले ईन्जिनियर्सको हकअधिकारसँगै पेशालाई मर्यादित बनाउनु पर्नेमा जोड दिए ।

यसैगरी मधेश प्रदेश प्रादेशिक समिति डिन अध्यक्ष राजिन्द्र प्रसाद चौधरीले डिनको नियमावली संशोधन गरी सबैलाई समाबेशी बनाउनु पर्ने बताए । उनले सप्तरीमा डिन कार्य समितिमा कर्मठ, योग्यलाई सर्वसमतिबाट चयन गर्न सुझाव दिए ।

सो अवसरमा ई.अमरेन्द्र देव, महदेवा गाउपालिका अध्यक्ष दिपक कुमार यादव, रूपनी गाउपालिका अध्यक्ष हरेराम यादब लगायतले शुभकामना मन्तब्य दिएका थिए ।








राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु




नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*